नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218



समाचार पृष्ठ ३ मा

**सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाउन मुख्यमन्त्री सिंहको निर्देशन**

● वर्ष २ ● अंक २२३ ● २०८१ साल असार १८ गते मंगलबार ● Tuesday 02, July 2024 ● सूर्योदयः बिहान ५:१५ बजे ● सूर्यास्तः साँझ ७:०४ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## बैंकमा आगलागी, साढे दुई घण्टापछि नियन्त्रणमा

## सशस्त्रका एसपीसहित तीन प्रहरी घाइते



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको आदर्शनगरस्थित सिद्धार्थ बैँकको शाखामा भएको आगलागी साढे दुई घण्टापछि नियन्त्रणमा आएको छ । वीरगंज महानगरपालिका वडा नम्बर ६ आदर्शनगर स्थित सिद्धार्थ बैंकको शाखा कार्यालयमा सोमबार अपरान्ह ५ः३० बजेबाट शुरु भएको आगलागी ७ः५० बजे पूर्ण रुपमा नियन्त्रणमा आएको हो । आगलागी नियन्त्रणक्रममा सशस्त्र प्रहरीका उपरीक्षक (एसपी) राधेश्याम धिमाल नै घाइते भएका छन् । उनको हात जलेपछि नौ टाँका लगाइएको छ । यस्तै, अन्य दुई सशस्त्र प्रहरी पनि घाइते भएका छन् । दोस्रो तलाबाट शुरु भएको आगो क्रमशः तेस्रो र चौथो तलामा सल्किएपछि भवनभर धुँवाको तुवालो फैलिएको थियो । स्थानीयले आफैँले भवनको सिसा फुटाएका थिए । सिसा फुटेर आधा दर्जन व्यक्ति सामान्य घाइते भएका थिए । आगलागीले कम्प्युटर, कागजपत्र र फर्निचर तथा सामान जलेर नष्ट भएको बताइएको छ । यद्यपि बैंकको रकममा भने आगलागीबाट क्षति नभएको बताइएको छ ।
जिल्ला प्रहरी कार्यालय पर्साले दिएको जानकारी अनुसार आगालागी सूचना प्राप्त भएपछि प्रहरी नायव उपरीक्षक दिपक भारतीको कमाण्डमा ९५ जना प्रहरी, ७५ जना सशस्त्र प्रहरी र २० जना नेपाली सेना खटिएका थिए । आगलागी नियन्त्रणका लागि वीरगंज महानगरबाट २ थान दमकल, जितपुरसिमरा बाराबाट १ थान, पोखरिया नगपालिकाबाट १ थान, कलैया उपमहानगरपालिकाबाट १ थान, पर्सागढी नगरपालिकाबाट १ थान, सखुवाप्रसौनी गाउँपालिकाबाट १ थान दमकल मगाइएको थियो । साथै, नेपाल प्रहरी विपद व्यवस्थापन गुल्मबाट १ थान, छिमेकी राष्ट्र भारतको रक्सौलबाट १ थान दमकल र विभिन्न संघसंस्थाहरुको सहयोगमा पानी ट्याङ्करको सहायतले आगालागी नियन्त्रणमा लिएको हो । आगलागीबाट मानवीय क्षति नभए पनि अन्य क्षतिको विस्तृत विवरण आउँन बाँकी छ ।



**सरकारका घर नै असुरक्षितः** साविकको जनकपुर चुरोट कारखानाका भवनमा मधेश प्रदेश सरकार बसिरहेको छ । पछिल्लोपटक अन्यत्र भन्दा मधेश सरकारमा मुख्यमन्त्री हेरफेर कम भएको छ । यद्यपि तीन वटा मुख्यमन्त्री फेरिएको मधेश प्रदेश सरकारले आफ्नै व्यवस्थित भवन बनाउने सपना मात्रै सुनाउँदै चुरोट कारखानाका पुराना घरमा कार्य गरिरहँदा सोमबारको वर्षापछि मधेश प्रदेश सरकारको विभिन्न मन्त्रालय बसेका भवन डुबानमा परेका छन् । जब सरकार बस्ने घर नै यस्तो डुबानको समस्या खेपिरहेको छ भने मधेशका जनता बाढीपहिरोको प्रकोपमा कति असुरक्षित होलान् ?शब्द–
तस्बिरः अर्जुन मण्डल/मधेशदृष्टि

## ४८ प्रतिशत पालिकाको बजेट भएन इन्ट्री



**मधेशदृष्टि**
**वीरगंज ।**
असार १० गतेभित्र स्थानीय तहले बजेट ल्याउनु पर्ने व्यवस्था छ । तर असार १७ गते बित्दासमेत मधेश प्रदेशका ७१ स्थानीय तहले आफ्नो बजेट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह बजेटमा प्रविष्ट (इन्ट्री) गराउन सकेका छैनन् । पर्साका अधिकांश पालिकाले गाउँ–नगर सभा गरेर नीति तथा कार्यक्रममार्फत बजेट पारित गराए पनि मन्त्रालयको बजेट विवरणमा भने अधिवेशन नभएको भनेर ‘रातो’ लगाइएको छ । यसमा पर्सा जिल्लाको पर्सागढी गाउँपालिकाबाहेक सबै स्थानीय तहको बजेटमा ‘रातो’ देखाइएको छ ।
सोमबार मन्त्रालयको वेबसाइटमा मधेश प्रदेशका स्थानीय तहबारे देखाइएको विवरण यस्तो छः

**बजेट पारित नभएका पालिकाहरु**

**१. सप्तरीः**
१. डाक्नेश्वरी नगरपालिका
२. राजविराज नगरपालिका
३. बोदेबर्साइन नगरपालिका
४. हनुमाननगर कंकालिनी नगरपालिका
५. छिन्नमस्ता गाउँपालिका
६. तिरहुत गाउँपालिका
७. तिलाठी कोइलाडी गाउँपालिका
८. रुपनी गाउँपालिका
९. बलान बिहुल गाउँपालिका

**२. सिरहाः**
१. कल्याणपुर नगरपालिका
२. गोलबजार नगरपालिका
३. मिर्चैया नगरपालिका
४. सुखीपुर नगरपालिका
५. औरही गाउँपालिका
६. कर्जन्हा नगरपालिका
७. नवराजपुर गाउँपालिका
८. वरियारपट्टि गाउँपालिका
९. भगवानपुर गाउँपालिका
१०. लक्ष्मीपुर पतारी गाउँपालिका
११. विष्णुपुर गाउँपालिका

**३. धनुषाः**
१. जनकपुर उपमहानगरपालिका
२. क्षिरेश्वर नगरपालिका
३. धनुषाधाम नगरपालिका
४. औरही गाउँपालिका
५. कमला नगरपालिका
६. जनकनन्दिनी गाउँपालिका

**४. महोत्तरीः**
१. जलेश्वर नगरपालिका
२. बर्दिबास नगरपालिका
३. औरही नगरपालिका
४. मटिहानी नगरपालिका
५. रामगोपालपुर नगरपालिका
६. सोनमा गाउँपालिका

**५. सर्लाही**
१. मलंगवा नगरपालिका
२. बलरा नगरपालिका
३. बागमती नगरपालिका
४. हरिपुर्वा नगरपालिका
५. चक्रघट्टा गाउँपालिका
६. धनकौल गाउँपालिका
७. विष्णु गाउँपालिका
८. बसबरिया गाउँपालिका
९. पर्सा गाउँपालिका

**६. रौतहट**
१. गरुडा नगरपालिका
२. कटहरिया नगरपालिका
३. गढीमाइ नगरपालिका
४. गुजरा नगरपालिका
५. देवाही गोनाही नगरपालिका
६. फतुवा विजयपुर नगरपालिका
७. बोधीमाई नगरपालिका
८. माधवनारायण नगरपालिका
९. मौलापुर नगरपालिका
१०. वृन्दावन नगरपालिका
११. यमुनामाइ नगरपालिका

**७. बारा**
१. सिम्रौनगढ नगरपालिका
२. आदर्श कोतवाल गाउँपालिका
३. पचरौता नगरपालिका
४. परवानीपुर गाउँपालिका
५. सुवर्णपुर गाउँपालिका
६. विश्रामपुर गाउँपालिका

**८. पर्साः**
पर्सागढी नगरपालिकाको मात्रै प्रष्टि भएको छ ।
१. वीरगंज महानगरपालिका
२. पोखरिया नगरपालिका
३. छिपहरमाइ गाउँपालिका
४. जगरनाथपुर गाउँपालिका
५. धोबिनी गाउँपालिका
६. पकहामैनपुर गाउँपालिका
७. पटेर्वासुगौली गाउँपालिका
८. बहुदरमाइ नगरपालिका
९. विन्दबासिनी गाउँपालिका
१०. सखुवाप्रसौनी गाउँपालिका
११. ठोरी गाउँपालिका
१२. कालिकामाइ गाउँपालिका
१३. जिराभवानी गाउँपालिका

स्रोतः एमओएफएजिए डट जिओभी डट एनपी/एलजीबजेटडिटेल्स

## पहेँलो धातुको कालो कारोबारः ३२ अर्बको सुन तस्करी

***६० किलोग्राम सुन तस्करी अनुसन्धानक्रममा थप २० जना पक्राउ परेका छन् । विभिन्न पाँच नक्कली कम्पनीमार्फत इलेक्ट्रोनिक मालवस्तुमा लुकाईछिपाई दुई हजार ८ सय ३१ किलो ८९ ग्राम र ‘ब्रेक सु’ मा लुकाएर ३ सय ६२ किलो ७ सय ७८ ग्राम सुन तस्करी भएको अनुसन्धानमा भेटिएको छ । २०८० वैशाख १२ गतेदेखि २०८१ जेठ २१ गतेसम्म पे वेलको वालेटमा ८६ अर्ब १७ करोड ११ लाख ५३ हजार २ सय ५३ रुपैयाँको कारोबार भएको र सजिलो पेको वालेटमार्फत २०७८ जेठदेखि २०८१ जेठसम्म ३६ अर्ब ९४ करोड ३५ लाख ७५ हजार २ सय ४७ रुपैयाँको कारोबार भएको पाइएको छ ।***

**–श्यामलाल ज्ञवाली,** प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी), सिआइबी

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सुन अर्थात् पहेँलो धातु । सुन भन्दा महंगो हीरा हुन्छ, तर समाज सुनकै पछि लाग्छ । सुनले संसार तानेको छ । तर नेपालजस्तो सानो र अल्पविकसित देशमा सुनको कारोबार र त्यसमा पनि तस्करीको आँकडा हेर्दा कोही गरिब छन् जस्तो देखिन्न । यति ठूलो सुन तस्करी भइरहेको छ कि, मधेश प्रदेशको बजेटको झण्डै ८० प्रतिशत बजेटजतिको त देशमा सुन तस्करी भइरहेको खुलासा भएको छ ।
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले विद्युतीय सामग्री र ‘ब्रेक सु’मा लुकाएर नै करिब ३२ अर्ब रुपैयाँ भन्दा बढी रकम बराबरको सुन तस्करी भएको बताएपछि सुनको तस्करीको ट्रान्जिट प्वाइन्ट नेपाल बनिरहेकोमा कुनै शंका छैन । २०८० साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ‘ब्रेक सु’मा लुकाएर ल्याएको ६० किलो ७ सय १६ ग्राम सुन तस्करीको अनुसन्धानमा विभिन्न पाँचवटा नक्कली कम्पनीमार्फत हालसम्म नेपालमा ३१ अर्ब ८२ करोड २२ लाख ९१ हजार २ सय ७२ रुपैयाँ बराबरको सुन तस्करी भएको प्रहरीको खुलासा छ ।
पत्रकार सम्मेलनमा सिआइबीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) श्यामलाल ज्ञवालीले ६० किलोग्राम सुन तस्करी अनुसन्धानक्रममा थप २० जना पक्राउ परेको बताए । ‘विभिन्न पाँच नक्कली कम्पनीमार्फत इलेक्ट्रोनिक मालवस्तुमा लुकाईछिपाई दुई हजार ८ सय ३१ किलो ८९ ग्राम र ‘ब्रेक सु’ मा लुकाएर ३ सय ६२ किलो ७ सय ७८ ग्राम सुन तस्करी भएको अनुसन्धानमा देखिएको छ,’ ब्यूरो प्रमुख ज्ञवालीले भने ।
भुजेल इलेक्ट्रिक्स सप्लायर्समार्फत एक हजार ३ सय ३ किलोग्राम ९ सय ६५ ग्राम, ह्वादा इलेक्ट्रिक सप्लायर्समार्फत ६ सय ३२ किलोग्राम ७ सय ९५ ग्राम, चुनगाक इलेक्ट्रिक सप्लायर्समार्फत ७ सय १६ किलोग्राम ८३ ग्राम, दोलखा इलेक्ट्रिक सप्लायर्समार्फत १ सय ७० किलोग्राम आठ ग्राम र रेडी ट्रेडमार्फत सात किलोग्राम पाँच ग्राम अवैध सुन नेपाल भित्रिएको छ । ब्रेक सुमार्फत यसअघि ३ सय ६२ किलोग्राम ७ सय ७८ ग्राम अवैध सुन भित्रिएको थियो । अवैधरुपमा भित्रिएका सुनको भुक्तानी प्रक्रियामा नेपालका दुईवटा पेमेन्ट गेटवेसमेत सङ्लग्न रहेको खुलेको छ । ‘पे वेल’ नेपाल र सजिलो पेमेन्ट सर्भिसका खातामा बचत गरी एजेन्टमार्फत अवैध सुनको भुक्तानी भएको पत्रकार सम्मेलनमा बताइएको थियो ।
२०८० वैशाख १२ गतेदेखि २०८१ जेठ २१ गतेसम्म पे वेलको वालेटमा ८६ अर्ब १७ करोड ११ लाख ५३ हजार २ सय ५३ रुपैयाँको कारोबार भएको र सजिलो पेको वालेटमार्फत २०७८ जेठदेखि २०८१ जेठसम्म ३६ अर्ब ९४ करोड ३५ लाख ७५ हजार २ सय ४७ रुपैयाँको कारोबार भएको पाइएको छ । सिआइबीले सुन तस्करी प्रकरणमा ‘पे वेल’ नेपाल र सजिलो पेमेन्ट सर्भिसमा सङ्लग्न सञ्चालक समिति, कर्मचारी र एजेन्ट गरी आठ जनालाई पनि पक्राउ गरेको छ । ब्रेक सुमा लुकाएर ल्याएको सुनको परिमाण ३ सय ६२ किलोग्राम ७ सय ७८ ग्राम रहेको देखिएको भन्दै सिआइबीले २०८० भदौ ३१ गते २९ जनालाई अभियोगपत्र दायर गरेको थियो । उनीहरुबाट तीन अर्ब ५० करोड दुई लाख १६ हजार ५ सय ५२ रुपैयाँ मागदाबी गरिएको छ ।
सिआइबीले पक्राउ गरेका २९ जनामध्ये २४ अभियुक्त पुर्पक्षका लागि थुनामा छन् । यस्तै, सोही सुन प्रकरणमा दोस्रो चरणमा २० जना पक्राउ परेका छन् । वैशाखबाट शुरु गरिएको दोस्रो चरणको अनुसन्धानमा १४ नेपाली, दुई चिनियाँ र चार भारतीय पक्राउ परेका छन् । पक्राउ परेका भारतीय नागरिक बैजनाथ महादत्त गोयल, सिद्धनाथ अशोक गायकवाड, धिरज दिनेश भोइटे र प्रशान्त गणेश बजबलकर छन् । चिनियाँ नागरिक सोनाम गुरुङ भनिने सराव ग्याल्मो र जेन्गा जाग्सी पक्राउ परेका छन् ।
पर्सा, वीरगंज–११ का सुरेन्द्रमान श्रेष्ठ, भक्तपुर सूर्यविनायक–५ का राजु खत्री, मध्यपुर–१५ का सुशील जाकिबन्जा, काभ्रेपलाञ्चोक तेमाल–४ का कान्छा लामा, नमोबुद्ध–१० का भीमप्रसाद तिमल्सिना, भुम्लु–१ का रूपक भण्डारी, काठमाडौँ महानगर–७ का प्रज्ज्वल आचार्य पनि पक्राउ परेका छन् । यस्तै, काठमाडौँ सुविधानगरका सुरजशमशेर जबरा, बाफलका कश्यप मानन्धर, गुल्मी सत्यवती–१ का लालबहादुर कुँवर, बारा जितपुर–१९ का अरुणकुमार यादव पनि पक्राउ परेका छन् । पक्राउ परेकाविरुद्ध सङ्गठित अपराध, सुनको चोरीपैठारी र केहीलाई बैकिङ कसुरमा मुद्दा चलाउन सरकारी वकिल कार्यालयमा पठाउने तयारी भइरहेको सिआइबीका प्रवक्ता, प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिए ।

## मधेशलाई परिणाम दिनसक्ने परियोजनाबारे छलफल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह र क्रिएसन नेपालका प्रतिनिधिबीच मधेशकेन्द्रित बहुआयामिक परियोजना सञ्चालन गर्ने सम्बन्धमा छलफल भएको छ । सोमबार मुख्यमन्त्री निवास मधेश भवनमा दिपक्षीय छलफल भएको हो । मुख्यमन्त्री सिंहले क्रिएसन नेपालले अगाडि सारेको परियोजना मधेश प्रदेशका लागि अत्यन्त आवश्यक रहेको बताउँदै प्रदेश सरकारका तर्फबाट पूर्ण सहयोग रहने बताए ।
मधेश योजना आयोगका उपाध्यक्ष डा. सोहन साहले क्रिएसन नेपालले अगाडि सारेका परियोजना छिटो कार्यान्वयन गरिनु पर्नेमा जोड दिए । जलवायु परिवर्तन, प्लास्टिकजन्य फोहोरमैला व्यवस्थापन, पर्यटन विस्तार, मधेश लगानी सम्मेलनलगायतका तत्काल परिणाम दिनसक्ने परियोजनाबारे गम्भीर छलफल भएको मुख्यमन्त्री सचिवालयले जनाएको छ ।
क्रिएसन नेपालका सचिव सुजाता कोइरालाको नेतृत्वमा आएको चार सदस्यीय टोलीले परियोजनाबारे बिस्तृत प्रस्तुतीकरण गरेका थिए । सचिव कोइरालाले मधेश सरकारसँग दिगो सहकार्य गरी परिणाम ल्याउन क्रियसन नेपाल नेतृत्व लिन तयार रहेको बताए । छलफलमा क्रिएसन नेपालद्वारा सञ्चालित ग्रिनसिट्ट परियोजनाका प्रमुख युनिश घिमिरे, क्याप परियोजनाका लिड उज्ज्वल उपाध्याय र मिडिया सल्लाहकार अनन्त अनुरागलगायतको सहभागिता थियो ।

**नीति निर्माण तथा कानुन तर्जुमा समिति**
मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले नीति निर्माण र कानुन तर्जुमा समिति गठन गरेको छ । मन्त्री राजकुमार लेखीको अध्यक्षतामा समिति गठन गरिएको छ । समितिको सदस्यमा नीति आयोगका उपाध्यक्ष, शिक्षा मन्त्रालयका सचिव, मधेश विश्वविद्यालयका उपकुलपति, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति, कानून अधिकृत, गृह तथा सञ्चार मन्त्रालय, शाखा अधिकृत शिक्षा तथा संस्कृति मन्त्रालय, अधिकृत मुख्य न्यायाधीवक्ताको कार्यालय, उपसचिव शिक्षा विकास निर्देशनालय छन् । त्यसैगरी आमन्त्रितमा डा. प्रमोद भट्ट, राजेश झा, सिटिइभिटीका निर्देशकलाई राखिएको छ ।

*स्वस्थ्य सबैभन्दा ठूलो उपहार हो, सन्तोष सबैभन्दा ठूलो धन हो, वफदारी सबैभन्दा ठूलो सम्बन्ध हो ।–गौतमबुद्ध*

## सम्पादकीय

# चीनको ऋणले सरकार नै जान्छ कि !

*प्रचण्ड बहुमत भएको प्रचण्ड (पुष्पकमल दाहाल) नेतृत्वको सरकार ढल्ने विषय पछिल्लो २४ घण्टा चैतको डढेलो झैँ फैलिएको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीबीचको भेटवार्तापछि बहुमतको सरकार ढल्ने र कहीँ नभएको–नदेखिएको पहिलो र दोस्रो राजनीतिक शक्ति मिल्ने संकेतपछि प्रधानमन्त्री प्रचण्डको सरकार संकटमा परेको आँकलन गरिएको हो । यद्यपि एमाले र कांग्रेसका दुई प्रमुख व्यक्तिको भेटलाई लिएर दुवै पार्टीले आधिकारिक केही बताएका छैनन् । संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा सहमतिका लागि दुई पार्टीका नेताको भेट भएको बताइएको छ । भेटमा सरकार हेरफेरमा कांग्रेसले एमालेलाई 'प्रधानमन्त्री र ३ मुख्यमन्त्री लिएर सरकारको नेतृत्व गर्न आग्रह गर्दै आफूलाई चार मुख्यमन्त्री दिन आग्रह गरेको' सञ्चार भएपछि कतै एमाले अध्यक्ष प्रधानमन्त्रीको दौडमा हुन् कि भन्ने देखिएको छ । उसो त अहिलेको गठबन्धनलाई उत्तरको छिमेकी चीनको आशीर्वाद भनेर गरिएको प्रचार पनि यो सरकारको आयुसँग जोडिएको छ । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले चिनियाँ सहयोग कार्यक्रम बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआइ) अन्तर्गतका नेपालका परियोजनामा अनुदान मात्र स्वीकार्य गर्ने, ऋणका रुपमा नलिने अडान राखेपछि एमाले–माओवादी गठबन्धन सरकार संकटमा परेको आँकलन गरिएको छ ।*

*सोमबार पार्टी सभापति शेरबहादुर देउवा निवास बुढानीलकण्ठ, काठमाडौँमा बसेको पदाधिकारी र पूर्वपदाधिकारी बैठकले ऋण लिएर बिआरआई कार्यान्वयन गर्न नसकिने अडान लिएपछि चीनको ऋण एमाले–माओवादी सरकारलाई तातो पिँडालु हुने नै भयो । बैठकपछि प्रवक्ता डा.प्रकाशशरण महतले अनुदान नै कार्यान्वयन गर्न नसकिएका बेला ऋणको आकार थप्न नसक्ने बताएपछि पनि एमाले–माओवादी सरकारको संकट निम्तिएको अनुमान गरिएको छ । सरकारले बिआरआइ कार्यान्वयन गर्न लागेको र चीनका उपविदेशमन्त्री आएका बेला छलफल भएको सन्दर्भमा कांग्रेसको बैठकमा घनिभूत छलफल भएको छ । बिआरआइ कार्यान्वयनका सन्दर्भमा ठूलो ऋणको बोझ भइसकेको र ऋणको आकार बढाउँदै लैजान हुँदैन भन्ने कांग्रेसको निष्कर्ष निस्किएको छ । यसको संकेत हो, चीनको ऋण अब सरकारलाई भारी पर्नेवाला छ ।*

*यो ऋणको जालमा पर्नु भन्दा सरकार फेरबदल गर्नु उचित भन्ने निष्कर्षमा एमाले पुग्न पनि सक्छ । यसैका लागि एमालेले आफ्ना मन्त्रीहरुलाई सोमबार साँझ अध्यक्ष केपी शर्मा ओली निवास बालकोट, भक्तपुरमा बोलाएको थियो । धेरै अनुदान सहयोगसमेत कार्यान्वयन नभएको अवस्थामा अनुदान लिने गरेर मात्र यसलाई अघि बढाउनुपर्ने कांग्रेसको धारणा रहेपछि यसबारे सरकारका साझेदार दलहरु पनि विमर्शमा जान जरुरी छ । एसियाली विकास बैंक र विश्व बैंकको सहुलियतपूर्ण ऋण लामो समयमा तिर्ने सुविधाको अवस्थासमेत हामीले उपयोग गर्न नसकेको नेपालले चीनबाट ऋण लिने विषय लामो समयदेखि छलफलमा आएको थियो । यसको विरोध पनि हुँदै आएको थियो । अनुदान भए लिने तर ऋणका रुपमा नलिने भनेपछि उत्तरको ऋणले सरकार ढिलोचाँडो संकटमा पर्ने दिन आएको पक्कापक्की हो । यति मात्रै होइन, कहीँ नभएको जात्रा हाँडिगाउँमा भने झैँ चीनको ऋणका कारण नेपालमा पहिलो र दोस्रो राजनीतिक शक्ति मिलेर केन्द्र र प्रदेश सरकार चलाए भने पनि अन्यथा नहुने देखिएको छ । यसको रिहर्सल भने शनिबारदेखि नै भइरहेकै छ ।*

### लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

### कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# 'यार्सागुम्बा' अर्थात् महङ्गो जैविक कीराको खोजी

अर्चना झा



हिमाली तथा उच्च पहाडी क्षेत्रमा विश्वकै बहुमूल्य औषधिजन्य बहुगुणयुक्त यार्सागुम्बा प्राकृतिक जडीबुटी हो । यार्सागुम्बा विश्वमा आपूर्तिको दृष्टिकोणले चीनपछि नेपाल दोस्रो स्थानमा रहेको छ । यार्सागुम्बामा औषधिजन्य गुण अन्तरनिहित हुने हुँदा यसको प्रयोग शक्तिबर्द्धक, क्यान्सर, रक्तअल्पता, क्षयरोग, फोक्सोको सङ्क्रमण, मिर्गौला, कलेजोसम्बन्धी, मुटु आदि रोगको औषधि बनाउन प्रयोग हुने बताइन्छ । यार्सागुम्बाको माग विश्वका अधिकांश देशबाट हुने गरे पनि मुख्य बजार भने चीन हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा एक केजी यार्सागुम्बा लाखौं मूल्यमा बिक्री हुने गर्दछ । अधिक मागका कारण केही वर्षयता यसको सङ्कलन एवम् बिक्री वितरण कार्यमा उच्च पहाडी तथा हिमाली भेगका बासिन्दाहरू निकै आकर्षित भएका छन् । नेपाल राष्ट्र बैंक अनुसन्धान विभागका सहसूचना अधिकारी डा भागवत आचार्यका अनुसार नेपालमा वार्षिक न्यूनतम् तीन हजार केजी यार्सागुम्बा सङ्कलन हुने गर्दछन् । विश्व बजारमा वार्षिक ८३ देखि एक सय ८३ मेट्रिक टन यार्सागुम्बा आपूर्ति हुने गरेकामा चीनबाट मात्र करिब ९५ प्रतिशतभन्दा बढी आपूर्ति हुने गर्दछ ।

**ठूलो कारोवारको क्षेत्र बन्दै**

नेपालमा २५ जिल्लामा यार्सा सङ्कलन भए पनि यसको व्यावसायिक सङ्कलन बढी डोल्पा, दार्चुला, अछाम, मनाङ, रुकुम, बझाङ, हुम्लालगायत १२ जिल्लाबाट हुने गरेको पाइन्छ । विश्वमा यार्सागुम्बाको प्रजाति पाँच सयभन्दा बढी छन् भने हालसम्म यार्सागुम्बाको ११ प्रजातिका पहिचान गरिएको आचार्यको भनाइ छ । नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७०÷७१ का प्रतिवेदनअनुसार नेपालमा करिब चार अर्ब ९२ करोड रुपैयाँको यार्सागुम्बा सङ्कलन गरिएको थियो । यर्सागुम्बाको खुल्ला बजारमा न्यूनतम् एक केजीको मूल्य ३० लाखदेखि अधिकतम् ८० लाख रुपैयाँसम्म पर्छ भने प्रतिगोटा दुई हजारदेखि पाँच हजारसम्ममा बिक्री वितरण गरिएको पाइएको छ । नेपालबाट वार्षिक पाँच हजार केजी यार्सागुम्बा निकासी हुने अनुमान गरिएको आचार्यले जानकारी दिए । खासगरी यार्सागुम्बा सङ्कलन गर्नका लागि संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, वन कार्यालयबाट अनुमति लिनुपर्छ । दार्चुलाको अपिनम्पा संरक्षण क्षेत्र कार्यालयका प्रमुख (वार्डेन) विनयकुमार झाले स्वीकृत व्यवस्थापन कार्ययोजनामा उल्लेख भएबमोजिम प्रत्येक आर्थिक वर्षमा जम्मा आठ सय ५० केजीको राजस्व लिई जिल्ला बाहिर निकासा दिने छोडपूर्जी कार्यालयले दिने गरेको जानकारी दिए । उनका अनुसार, 'यार्सागुम्बा प्रतिकेजी ३१ हजार राजस्व दाखिला गरी जिल्ला बाहिर यार्सागुम्बा निकासी हुने गरेको छ । चालु आर्थिक वर्ष २०८०÷८१ देखि हालसम्म जम्मा राजस्व सङ्कलन रकम एक करोड ८० लाख ८६ हजार आठ सय पाँच रुपैयाँ भएको छ भने गतवर्ष आवमा राजस्व रकम एक करोड ५२ लाख १६ सय २५ सङ्कलन भएको थियो । गत वर्षभन्दा यसवर्ष आम्दानी बढेको झाले बताए ।

चालु आवको जेठसम्म संरक्षण क्षेत्रभित्रका यार्सा सङ्कलन गर्न जाने सात सय पाँच रहेका छन् । संरक्षण क्षेत्रभित्रको लागि कार्ड लिएवापत पाँच सय रुपैयाँ शुल्क तिर्नुपर्ने, जिल्लाभित्रका लागि दुई हजार र जिल्ला बाहिरका लागि तीन हजार शुल्क तिर्नुपर्ने व्यवस्था छ । वन निर्देशनालय सुदूरपश्चिमका निर्देशक हेमराज बिष्टले दार्चुला जिल्लाको तीन देशीय नाका क्षेत्रमा यार्सागुम्बा सङ्कलनका समयमा अन्तर्राष्ट्रिय देशबाट हजारौंको संख्यामा व्यापारी तथा यार्सा सङ्कलनकर्ताहरू आउने गरेको जानकारी दिए । 'यार्सागुम्बा टिप्न जानुभन्दा पहिला सबैले कुलदेवता तथा प्राकृतिकलाई पूजा गरेर मात्र जानुपर्ने चलन छ । यस क्षेत्रमा मन्दिरहरू हुन्छन् तर मन्दिरभित्र मूर्ति हुँदैन । त्यस्तै महिलाहरू महिनावारी हुँदा यार्सा टिप्दैनन् । त्यसबेला उनीहरुले औषधि सेवन गरेर मात्र टिप्ने गर्दछन् । महिनावारी भएको बेलामा यार्सा टिपेमा देउता रिसाउँछन् भने जनविश्वास रहेको महाकाली नगरपालिका छाप्रीमा बस्ने यार्सागुम्बा व्यापारी सन्तोष कुम्मरले भने । यार्सागुम्बा सङ्कलनको बेला हिमाल तथा उच्च पहाडी क्षेत्रमा गाउँ नै रित्तिने गरी मानिसहरु पाटनतिर लागेका हुन्छन् । ससाना बालबालिका पनि आमाबाबुसँगै लगिएका हुन्छन् । बालबालिकाको आँखा तेजिलो हुने हुँदा छिटो यार्सागुम्बा चिन्न र टिप्न सक्छन् भनेर यार्सा सङ्कलनमा उनीहरुलाई लैजाने गरिन्छ । घरमा बुढाबुढी र गाईवस्तु मात्रै हुन्छन् । यतिबेला वन्यजन्तु चोरी शिकारीका घटना पनि बढ्न थालेका छन् । यार्सा टिप्ने ठाउँमा प्रत्येक वर्ष आआफ्नो क्षेत्र स्थान छुट्याएको हुन्छ । कसैले पनि अर्काको स्थानमा पस्न पाउँदैन । आफ्नो पुरानै स्थानमा गएर पाल राखेर समूहमा बस्ने गर्छन् । यार्सागुम्बा भएको ठाउँमा बोटबिरुवा हुँदैन । बादल लाग्ने बित्तिकै हिउँ पर्न थाल्छ कतिपय ठाउँमा हिउँ पन्छयाउँदै यार्सा बसेर कुट्टोले खनेर टिप्नु पर्ने हुँदा कतिपयलाई लेक लाग्ने वा अन्य बिरामी पर्ने सम्भावना पनि रहन्छ । उनीहरु लेकबाट जोगिनका लागि घरेलु औषधिको रुपमा टिमुर, डोली, मह, प्याज, गुड, लसुन लिएर जाने गर्दछन् ।

यार्सागुम्बाको बढ्दो सङ्कलन तथा कारोबारसँगै उच्च पहाडी तथा हिमाली भेगमा शिक्षा, स्वास्थ्य तथा शान्ति सुरक्षा, सामाजिक विकृतिमा प्रतिकूल प्रभाव पनि पर्ने गरेको छ । कतिपय ठाउँमा विद्यालयका विद्यार्थीहरू शिक्षक कर्मचारीसमेत उल्लेख्य संख्यामा यार्साको सङ्कलनमा जाने गर्दा जेठदेखि असोजसम्म विद्यालय नै बन्द हुने गरेको पाइन्छ ।

**यार्साको जीवनचक्र**

समुद्री सतहबाट तीन हजार पाँच सय मिटरदेखि पाँच हजार पाँच सय मिटरसम्मको उचाईमा यार्सागुम्बा पाइन्छ । यो एक प्रकारको च्याउ तथा लार्भा अवस्थाको पुतलीको संयुक्त रूप हो । हिमाली भेगमा हिउँ सकिएपछि वैशाखतिर हिउँ पग्लन्छ र बिरुवाहरू उम्रिएर फूल फुल्न थाल्छन् । त्यहीँ समयमा पुतलीहरूले फूल पार्ने गर्दछन् । पुतलीको लार्भा अवस्थामा सङ्क्रमण हुँदै पूरै शरीर नै तन्तुले भरिन्छ । बसन्त ऋतुसम्ममा यो आँख्लैआख्ला भएको लामो डाँटमा परिणत हुन्छ । यो जमिनमुनिबाट लार्भाको टाउको भएर बाहिर अङ्कुरित हुन्छ । जमिनमुनिको भाग सुनौलो रङको दुईदेखि चार मिलिमिटर मोटो र तीनदेखि पाँच सेन्टिमिटर जति लामो हुन्छ भने माथिको भाग चारदेखि सात सेन्टिमिटर जति खैरो रङको लामो हुन्छ । तौल ०.८ देखि ०.११ मिलिग्राम सम्मको हुन्छ । यसलाई तिब्बती भाषामा यार्चाकुन्बु भनिन्छ । 'यार' भनेको वर्षा, 'चा' भनेको झार, 'कुन' भनेको हिउँद र 'बु' भनेको किरा हो । यार्चाकुन्बुबाट नै यर्सागुम्बा नाम रहन गएको हो भनिन्छ । यसलाई नेपालमा यर्सागुम्बा, यार्चागुम्बा, किराघाँस, जीवनबुटी, भियाग्रा, सञ्जीवनी, किराझार आदि नामले चिनिन्छ ।

**यार्साको बहुउपयोगिता**

यर्सागुम्बा एक प्रकारको बहुपोषक भिटामिनयुक्त जडीबुटी हो । यसलाई शक्तिवर्धक र रगत बढाउने औषधिको रूपमा पनि लिइन्छ । लामो समयको बिरामीलाई तागत दिने रक्तअल्पता एवं उमेर बढ्दै गएपछि हुने समस्याको उपचारमा समेत यो प्रयोग गरिन्छ । यसमा एन्टीबायोटिक गुण पनि रहेको हुनाले छाती तथा फोक्सोको सङ्क्रमण, क्षयरोग, खोकी, रक्तचाप, कोलेस्टेरोल, यौन शक्ति बढाउने, क्यान्सर, मृगौला, कलेजो, हेपाइटिस बी, जस्ता रोगमा पनि औषधिको रुपमा सेवन गरिन्छ । यार्सागुम्बाको केही भाग धुलो बनाएर मनतातो दूध वा पानीमा मह मिसाएर रातिमा खाएमा शरिरमा रोग प्रतिरोधात्मक शक्ति पनि बढ्ने विश्वास गरिएको व्यास गाउँपालिकाका स्थानीयवासी प्रेम रोकायाले बताए । विश्व जलवायु परिवर्तनले गर्दा यार्सागुम्बाको फङ्गस उम्रनमा धेरै नै असर परेको छ । यो उम्रनको लागि बाक्लो हिउँ चाहिन्छ तर विश्व जलवायु परिवर्तनका कारण तापमान बढ्दै जाँदा हिउँ पर्ने क्रममा आएको फेरबदलले यो प्रजातिमा पनि सङ्कट परेको छ । जथाभावी यार्सा सङ्कलन गर्ने, यार्सा टिप्न जाँदा प्लाष्टिक तथा सिसाजन्य वस्तु जथाभावी फाल्ने गर्दा पनि यष्सको उत्पादनमा क्रमशः ह्रस आइरहेको छ ।


हिमाली तथा पहाडी भेगको बासिन्दाहरू बहुमूल्य जडीबुटी यार्सागुम्बाको सङ्कलन गरी बिक्री वितरण गर्दा जनताको आर्थिक स्थिति, पर्यटन, होटल, बैंक तथा वित्तीय संस्थाहरू लगायतआयआर्जन तथा रोजगारका अवसरमा वृद्धि भएको पाइन्छ । हिमाली क्षेत्रका अधिकांश परिवारको वर्षभरिको जीविकोपार्जनका लागि यार्सागुम्बालगायत बहुमूल्य जडीबुटी नै मुख्य आम्दानीको स्रोत रहेको छ । रासस

# बर्खासँगै बढ्न थाले सर्पदंशका बिरामी

घरको सोफामुनिबाट निस्किएको गोमन सर्पले डस्दा कचनकबल गाउँपालिका–३ निवासी १२ वर्षीया मनिषा राजवंशीको पाँच दिन अघि मृत्यु भयो । उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटैमा उनको मृत्यु भएको थियो । सर्पको विष छिटो फैलिने भएकाले उपचारमा लैजान ढिला भएमा कचनकबलकी मनिषाले जस्तै धेरैले बर्सेनि ज्यान गुमाउने गरेका छन् । सबै सर्प विषालु हुँदैनन् । तर विषालु सर्पले डसेमा ज्यानै जाने भएकाले पीडितलाई छिटोभन्दा छिटो सर्पदंश उपचार केन्द्र पु–याउनुपर्ने चिकित्सक बताउँछन् । पूर्वी इलामको सूर्योदय नगरपालिका–१ पशुपतिनगरका ३९ वर्षीय दिनेश तामाङलाई आइतबार बिहान घाँस काट्ने क्रममा गुर्बे सर्पले दाहिने हातमा डस्यो । गाउँका मानिसले झारफुक गर्ने धामीको सम्पर्कमा उहाँलाई पु–याए । सिरु र खरानी दलेर धामीले झारफुक गर्दा ठीक नभएपछि उहाँलाई चारआलीस्थित सर्पदंश उपचार केन्द्रमा लगियो ।

नेपाली सेनाको प्राविधिक सहयोगमा समुदायले सञ्चालन गरेको उक्त केन्द्रमा उपचार गराएपछि बल्ल उहाँको स्वास्थ्यमा सुधार आएको छ । तराईमा गोमन र करेत सर्प बढी विषालु छन् । पहाडी क्षेत्रमा गुर्बे र हरेउ विषालु सर्प मानिन्छन् । बर्खा याममा मानिसलाई डस्ने मुख्य सर्प यिनै हुन् ।

मेचीनगर–१५ बिचार्नीका ५१ वर्षीय जुपुइ हेमरम सोही सर्पदंश उपचार केन्द्रमा उपचाररत छन् । उनको देब्रे औँलामा आइतबार बिहान ओछ्यानमै सर्पले डस्यो । सन्थाल समुदायमा सर्पको विष झार्न झारफुक गर्ने परम्परागत प्रचलन छ । आधा घण्टाभन्दा बढी समय तन्त्रमन्त्र प्रयोग गरेर विष झार्दा पनि सुधार नभएपछि उनलाई मोटरसाइकलमा चढाएर चारआलीको सर्पदंश उपचार केन्द्र पुर्याइयो । सर्पले डसेपछि धेरैजसो पीडित डरले सिकिस्त हुने गरेका छन् । कोहीले जिउँदो सर्प समातेर चिकित्सकलाई प्रमाण देखाउन अस्पताल पुर्याउने गर्छन् । इलामको माइजोगमाई–१ का १५ वर्षीय विनोद राईले घाँस काट्दा देब्रे हातको औँलामा डस्ने विषालु हरेउ सर्प जिउँदै समातेर चारआलीको सर्पदंश उपचार केन्द्रमा पुर्याए । अहिले राईको उपचार भइरहेको छ ।



मेचीनगर–६ का ३२ वर्षीय मुन्ना कार्की प्रख्यात सर्प उद्धारकको रुपमा चिनिन्छन् । उनले विगत ११ वर्षमा एक हजारभन्दा बढी सर्प मानिसका घरबाट उद्धार गरेर जङ्गलमा पुर्याइसकेका छन् । तीन दिन अघि छिमेकीको घरमा उद्धार गर्ने क्रममा विषालु गोमनले डस्दा उनी आफै घाइते भएका छन् । उद्धार गरेर ल्याएको कालो गोमनलाई बट्टामा राखिरहेका बेला उनलाई डसेको थियो । उनको स्वास्थ्य सुधार भइरहेको छ । सर्प बर्खायाममा जमिनको सतहमा आहाराका लागि निस्कन्छन् । ओसिलो, पाखो र कुनाकाप्चा खोज्दै जाने सर्पसँग जम्काभेट हुँदा मानव–सर्प द्वन्द्व हुने गरेको छ । जसका कारण नेपालमा बर्सेनि सयौँले ज्यान गुमाउने गरेका छन् । बेलैमा भरपर्दो अस्पताल वा चिकित्सकको सम्पर्कमा पुर्याए सर्पदंशका सबै बिरामी उपचारबाट बाँच्ने नेपाली सेनाका चारआलीस्थित अरिदमन गणका स्वास्थ्य प्राविधिक कृष्ण थापा बताउँछन् ।

सर्पदंश उपचार केन्द्र चारआलीमा मुख्य प्राविधिक रहेका उनी पछिल्लो समय जलवायु परिवर्तनका कारण पहाडी र हिमाली भेगमासमेत सर्पको बिगबिगी बढ्न थालेको बताउँछन् । चारआलीको उपचार केन्द्रमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम र भारतको दार्जिलिङ एवम् विहारका जिल्लाबाट सर्पले डसेका बिरामी उपचारका लागि आउने गरेको उनले जानकारी दिए । 'पहाडमा गुर्बे, हरेउ र तराईमा गोमन र करेत प्राणघातक सर्प हुन्', उनले भने, 'हामीकहाँ उपचारका लागि आउने अधिकांश बिरामीले तिनै सर्पले डस्यो भन्ने गर्नुभएको छ । बर्खाको चार पाँच महिना त सर्पको डसाइको प्रकोप नै हुने गरेको छ ।' केन्द्रको सञ्चालक समितिका अध्यक्ष दुर्गा भट्टराईले विसं २०६० चैत ५ गतेदेखि नेपाली सेनाले समुदायलाई हस्तान्तरण गरेको यस उपचार केन्द्रबाट दुई दशकमा २० हजारभन्दा बढी सर्पदंशका बिरामीले उपचार पाएको बताए ।

केन्द्रले बिरामीको दर्ता शुल्क एक सय र साधारण उपचार सेवा शुल्क छ सय रुपैयाँ मात्र लिने गरेको छ । उपचारका लागि बस्दा बेड शुल्क एक सय रुपैयाँ, पाँच भाइलसम्म औषधि (एन्टी स्नेक भेनम सिरम)को एक हजार पाँच हजार रुपैयाँ र पाँच भाइलभन्दा जतिसुकै धेरै लागे पनि तीन हजार शुल्क लिने गरिएको केन्द्रले जनाएको छ । विपन्न र असहाय बिरामीका लागि निःशुल्कसमेत उपचार गर्दै आएको अध्यक्ष भट्टराईले बताए । 'समुदायको सहयोगबाट चलिरहेको उपचार केन्द्र भएकाले बिरामीबाट सामान्य व्यवस्थापन शुल्क मात्र लिने गरेका हौँ', उनले भने । बर्सेनि एक हजारभन्दा बढीले उपचार पाइरहेको केन्द्रबाट यही वैशाखमा ६१ जना, जेठमा एक सय २३ जना र असारमा ९३ जनाले उपचार सेवा लिएका छन् । विसं २०८० मा सर्पले डसेका नौ सय ७६ जनाले केन्द्रबाट उपचार प्राप्त गरेको अध्यक्ष भट्टराईले जानकारी दिए ।

कोशी प्रदेशमा १३ वटा सर्पदंश उपचार केन्द्र छन् । झापामा मात्रै चारवटा छन् । चारआलीस्थित नेपाली सेनाको व्यारेक परिसरमा रहेको सर्पदंश उपचार केन्द्र कोशी प्रदेशकै सबैभन्दा ठूलो उपचार केन्द्र हो । नेपाल रेडक्रस सोसाइटीले दमक र सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले कनकाई र कचनकबल गाउँपालिकाले बनियानीमा आफ्नै लगानीमा सर्पदंश उपचार केन्द्र सञ्चालन गर्दै आएका छन् ।

सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र सामुदायिक संस्थाले सर्पदंश उपचार केन्द्र सञ्चालन गर्दै आएका छन् । देशभर ८८ उपचार केन्द्र रहेकोमा २२ वटा नेपाली सेनाको प्रत्यक्ष प्राविधिक सहयोगमा सञ्चालित छन् ।

# सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाउन मुख्यमन्त्री सिंहको निर्देशन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेशमा सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाउन सुरक्षा अधिकारीहरुलाई निर्देशन दिएका छन् ।

मंगलबार प्रदेशको सुरक्षा व्यवस्थाबारे जानकारी लिने उद्देश्यका साथ जनकपुरधाममा बोलाइएको बैठकमा उनले सो निर्देशन दिएका हुन् । मुख्यमन्त्री सिंहले प्रदेशका आठै जिल्लाका प्रहरी प्रमुखलाई मधेशमा चोरी, डकैटी जस्ता घटनाहरुलाई न्यूनिकरण गर्न राती गस्ती खटाउन र तस्करीलाई रोकथाम गर्न निर्देशन दिएका हुन् । प्रदेशमा बढ्दो महिला हिंसा, अपराधिक कृयाकलाप, आत्महत्या लगायतका घटनालाई रोकथाम गर्न प्रहरीको विशेष भूमिका रहेकोले यस्ता कृयाकलपा रोक्न समाजमा जनचेतना फैलाउन पनि आग्रह गरे ।

सुन्दर र शान्त मधेश प्रदेशको कल्पना गरे बमोजिमको अगामी कार्ययोजना बनाउन पनि मुख्यमन्त्री सिंहले प्रहरी अधिकारीहरुसँग सुझाव लिएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । प्रहरी अधिकारीहरुले पनि आफ्नो अगामी योजनाबारे मुख्यमन्त्रीलाई जानकारी गराएका थिए । बैठकमा सुरक्षा निकायका प्रमुखहरूले प्रदेशको सुरक्षा व्यवस्थाहरू बारे व्रिफिङ्ग गरेका थिए । बैठकमा प्रहरी नायब महानिरीक्षक यज्ञ विनोद पोखरेलसहित मधेश प्रदेशका आठवटै जिल्लाका सुरक्षा निकायको प्रमुखहरुको उपस्थिति रहेको मुख्यमन्त्री सिंहको सचिवालयले जनाएको छ ।

# सभामुख मण्डलद्वारा जन्मदिनमा अनाथ आश्रमलाई सहयोग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले आफ्नो जन्मदिनको अवसर पारेर अनाथ आश्रमलाई सहयोग गरेको छ । आफ्नो ५१ औं जन्मदिवसको उपलक्ष्यमा मधेश प्रदेशसभा सभामुख रामचन्द्र मण्डलले जनकपुरधाम ८ बलवा टोल स्थित अनाथ आश्रमलाई सहयोग गरेको हो ।



सत्यकविर अनाथ बाल बात्सल्य अनाथ आश्रमका सञ्चालक सत्यनारायण आलोकलाई सभामुख मण्डलले एक समारोहका बीच खाद्यान्न सामग्री वितरण गरेको हो ।

खाद्यान्न सामग्रीहरुमा चामल ३ बोरा, दाल ५ केजी, नून ५ केजी, आलु १ बोरा, तेल १५ केजी, लुगाधुने साबुन १ कार्टुन र नगद दश हजार रुपैयाँ सहयोग गरेका थिए । समारोहमा सभामुख मण्डलले अनाथ आश्रमलाई व्यक्तिगत रुपमा र संस्थागत रुपमा हुने हरेक प्रकारको सहयोग गर्न आफु तत्पर रहने भनाइ थियो । उनले भने, 'अहिलेको युगमा कुनै व्यक्तिले आफ्नो सम्पुर्ण जीवनको कोही नभएको बालबच्चाको लालन पालनमा समपर्ण गर्नु भन्दा ठुलो त्याग र तपस्या केही हैन ।'

कविर सत्यनारायण आलोकको प्रशंसा गर्दै सभामुख मण्डलले अनाथ आश्रम सञ्चालन काँधको ठूलो जिम्मेवारी भएको बताउँदै जति प्रशंसा गरेपनि कम हुने बताए । उनले मधेश सरकार तथा स्थानीय सरकारले अनाथ आश्रम, बृद्धा आश्रम, मानव लोक आश्रम जस्ता समाजिक संस्थाहरुलाई समेत बजेट छुट्टयाएर समाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्नेमा जोड दिए ।

# नेपाल युवा परिषद् पर्साद्वारा वृक्षारोपण



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल युवा परिषद् पर्साले वीरगंजमा वृक्षारोपण कार्यक्रम गरेको छ । सोमबार नेपाल युवा परिषद् पर्साको आयोजना र वीरगंज महानगरपालिका वडा नम्बर १७ वडा कार्यालयको सहकार्यमा अलौंमा वृक्षारोपण कार्यक्रम गरेको हो । 'राष्ट्रिय वृक्षारोपण दिवस २०८१' को अवसरमा नेपाल युवा परिषद्ले असार १४ गतेदेखि २१ गतेसम्म देशभरी नै 'एक युवा एक विरुवा' अभियान सञ्चालन गरिरहेको छ ।

नेपाल युवा परिषद्का मधेश प्रदेश संयोजक श्रवण प्रसाद साहको अध्यक्षतामा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको हो । सो कार्यक्रमका प्रमुख अतिथि वडा नम्बर १७ का वडाध्यक्ष संजिव बहादुर क्षतकुलीले आफू बाँच्न र अरुलाई बचाउनको लागि हरेक मानिसले कुनै न कुनै बोट विरुवा रोपण गर्न आवश्यक रहेको बताए ।

मानव जीवनलाई अति नै आवश्यक पर्ने अक्सिजनको खानीको रुपमा रहेको बोट विरुवाहरुलाई रोपेर मात्र नहुने बताउदै वडाध्यक्ष क्षतकुलीले रोपिएको विरुवाहरु संरक्षण गर्न नियमित रेखदेख गरी हुर्काउन सके मात्रै वृक्षारोपणले सार्थकता पाउने बताए । रोपिएको विरुवालाई वडाका सम्पूर्ण जनता र वडा कार्यालय मिलेर संरक्षण गर्ने प्रतिबद्धतासमेत जनाए ।

अलौं बजार टोलस्थित पोखरी परिसरबाट शुरु गरिएको वृक्षारोपण अन्य स्थान र बाटोको छेउमा पनि अभियानकै रुपमा वृक्षारोपण गर्दै जाने क्षतकुलीले बताए । सो अवसरमा विभिन्न प्रजातिका करिब पाँच सय विरुवा रोपिएको राष्ट्रिय युवा परिषद्ले जनाएको छ ।

सो अवसरमा सशस्त्र प्रहरी बिओपी अलौंका सशस्त्र प्रहरी नायब उपरिक्षक विकाश अधिकारी, वडा नम्बर १७ का वडा सदस्यहरु उर्मिला देवी, अमरी देवी चमईन, नेसार अहमद, नेकपा एमालेका प्रदेश कमिटी सदस्य उसमान अंसारी, लोसपाका मधेश प्रदेश कमिटी सदस्य श्रीराम गिरी, नेपाल युवा परिषद् पर्साका उपाध्यक्ष अजय चौरसिया, सञ्चारकर्मी शेखर क्षतकुली, जगत राई, दिपक चौरसिया, स्थानीय, नेकपा एमालेका जिल्ला सदस्य गंगाधर महतो, कृष्णदेव यादव, बुनेल ठाकुर, शेख मुमताजलगायतकाले वृक्षारोपण गरेका थिए । नेपाल युवा परिषद्ले एनसेल र एफएओको सहयोग एवं सहकार्यमा राष्ट्रिय वृक्षारोपण अभियान २०८१ देशभरी नै सञ्चालन गर्दै आएको छ ।

# कक्षा कोठामा पानी जमेपछि पठनपाठनमा समस्या



**मधेशदृष्टि**
**रौतहट ।**
भारी वर्षाका कारण कक्षा कोठामा पानी जमेपछि विद्यार्थीलाई पठनपाठनमा समस्या भएको छ ।

रौतहटको दुर्गा भगवती गाउँपालिकाका विभिन्न विद्यालयका कक्षा कोठामा वर्षाको पानी जमेपछि पठनपाठनमा समस्या भएको हो । वडा नम्बर १ स्थित जनता प्राथमिक आधारभूत विद्यालयको चौर र कक्षा कोठामा नै वर्षाको पानी जमेपछि पठनपाठनमा समस्या भएको हो ।

आइतबार साँझको वर्षाको पानी विद्यालय परिसरमा जमेको कारण विद्यार्थीहरूलाई असहज भएको नेपाल पत्रकार महासंघ रौतहटका सह सचिव सञ्जय सहनीले जानकारी दिएका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमा पूर्वप्रधानमन्त्री एवं वर्तमान सांसद माधव नेपालको निर्वाचन क्षेत्रमा पर्ने यस विद्यालयको समस्याले दुखित बनाएको भन्दै सांसद, प्रदेश सांसद र गाउँपालिकाका जनप्रतिनिधिको ध्यानाकर्षण गराएका छन् । वर्षाको पानी जमेका कारण सो विद्यालयका विद्यार्थीहरू पानीमा डुबेर गरेको प्राथनाले र कक्षा कोठामा समेत पानी भएकाले पानीमा नै अध्ययन गरिरहेको देख्दा आफूलाई दुख लागेको सहनीको भनाइ छ ।

# चाँदीको गहनासहित तस्कर पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौरस्थित भन्सार सुरक्षा गार्डको टोलीले झण्डै दुई लाख रुपैयाँ मूल्य बराबरको अबैध चाँदीको गहनासहित एक जना तस्करलाई पक्राउ गरेको छ ।

सोमबार दिउँसो ३ बजेको समयमा भन्सार सुरक्षा गार्डबाट खटिएको प्रहरी टोलीले गौर नगरपालिका वडा नम्बर १ स्थित भारतबाट नेपालतर्फ आउदै गरेको अटोहरुलाई रोकी चेकजाँच गर्ने क्रममा उक्त गहनासहितको तस्करलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीका अनुसार पक्राउ पर्नेमा अटोमा सवार स्थानीय माधव नारायण नगरपालिका वडा नम्बर १ दिपही टोलका ४२ वर्षीय दिनेश प्रसाद साह रहेका छन् । उनले सेतो कपडाको बेल्ट(पेटी) बनाई कमरमा बाँधी सो भित्र लुकाई छिपाई राखी ल्याएको चाँदीको सिक्री ९ पिस, पेच रिंग २ पिस र पाउजु ७ जोड जम्मा तौल १ किलो ४०० ग्राम चाँदीको गहनाहरू बरामद गरिएको प्रवक्ता गिरीले बताइन् । उनकाअनुसार गहनाहरूको मूल्य एक लाख ९६ हजार रुपैयाँ मूल्याङकनसहित दिनेश प्रसाद साहलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय रौतहटमा दाखिला गरिएको छ ।



# लागुऔषध गाँजासहित दुई जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले प्रतिबन्धित लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । वीरगंज महानगरपालिका वडा नम्बर १६ ईनर्वा भन्सार मेनगेटबाट प्रहरीले पाँच केजी गाँजासहित दुई जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा जगरनाथपुर गाउँपालिका वडा नम्बर ५ बस्ने १८ वर्षीय ईमताज आलम र भारत पूर्वी चम्पारण मोतिहारी जिल्ला थाना भेलाही मुसहरवा– २ बस्ने २२ वर्षीय नवरेज आलम रहेका प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंज र प्रहरी चौकी ईनर्वाबाट खटिएको संयुक्त प्रहरी चेकिङ टोलीले जाँच अभियान चलाएको थियो । सोही क्रममा रक्सौलतर्फ जाँदै गरेको अटोमा सवार ईमताजको साथबाट पाँच केजी लागुऔषध गाँजा बरामद गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उनले बोकेको कालो झोलाभित्र लुकाईछिपाई राखिएको अवस्थामा लागुऔषध गाँजा पाँच केजी ७२० ग्राम फेला परेको छ । पक्राउ परेकाहरुमाथि लागुऔषध सम्बन्धी मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# स्कूटरको ठक्करबाट पैदलयात्रीको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा स्कूटरको ठक्करबाट एकजना पैदलयात्रीको मृत्यु भएको छ । वीरगंजसँग सीमा जोडिएको गण्डकचोकमा स्कूटरको ठक्करबाट पैदलयात्री एकजना महिलाको मृत्यु भएको हो । मृत्यु हुनेमा वीरगंज महानगरको वडा नम्बर २८ की ३५ वर्षीया गीता देवी रहेको प्रहरी जनाएको छ ।

आइतबार साँझ परवानीपुरबाट वीरगंजतर्फ आउँदै गरेको मधेश प्रदेशको ०३–०२७ प ८०९३ नम्बरको स्कूटरले ठक्कर दिँदा गीता देवी गम्भीर घाइते भएकी थिइन् । पर्सा प्रहरी प्रवक्ता दीपक भारतीका अनुसार गम्भीर घाइते गीता देवीको उपचारको क्रममा मृत्यु भएको हो । ठक्कर दिने चालकलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# राष्ट्रिय प्रतिभा युवा सम्मान महतोलाई

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ब्लड फर नेपालका संस्थापक अध्यक्ष सरोज कुमार महतोलाई नेपाल सरकारले राष्ट्रिय प्रतिभा युवा सम्मान दिने भएको छ । नेपाल सरकार, युवा तथा खेलकूद मन्त्रालय, सिंहदरवार काठमाडौंबाट महतोलाई सम्मानका लागि सिफारिस गरिएको हो ।

धनुषाको बटेश्वर गाउँपालिका वडा नम्बर ३ घर भएका महतो विगत १० वर्षदेखि रगतको क्षेत्रमा काम गर्दै आएको छन् ।

काठमाडौँसहित देशभरमा कसैलाई कुनै पनि बेला रगतको आवश्यकता पर्दा महतोले रगत व्यवस्थापनमा समन्वयन र सहकार्य तथा रगतको व्यवस्थापन गर्दै आएको छ ।

ब्लड बैंकमा रगत अभाव भएको बेला गाउँ गाउँमा पुगी रक्तदान गर्न आम नागरिक समक्ष अपिल गर्ने गरेका छन् । सरकारले प्रदान गर्न लागेको युवा प्रतिभा पुरस्कारको राशी एक लाख रुपैयाँ रहेको छ ।

# लायन्स क्लव आँफ जनकपुरधामको अध्यक्षमा सिंह



**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लव आँफ जनकपुरधामको अध्यक्षमा सुशिल सिंह निर्वाचित भएका छन् । लायन्स क्लवसको अन्तर्राष्ट्रिय विधान र विनियम एवं लायन्स क्लव आँफ जनकपुरधामको परम्परालाई अगिंकार गर्दै अध्यक्षमा सुशिल सिंह निर्वाचित भएका छन् । पूर्व अध्यक्ष विश्वनाथ साहको संयोजकत्वमा गठित निर्वाचन समितिका अनुसार लायन्स क्लव आँफ जनकपुरधामको अध्यक्षमा सुशिल सिंह निर्वाचित भएका हुन् । यस्तै क्लवको एलसिआईएफ कोर्डिनेटरमा रमण साह, प्रथम उपाध्यक्षमा अमित कुमार साह, दोश्रो उपाध्यक्षमा अमित कुमार साह निर्वाचित भएका छन् ।

क्लवको सचिवमा डा. राजेश साह, कोषाध्यक्षमा रामकिशोर साह, मार्केटिङ्ग चेयर पर्सनमा रामजीवन साह, मेम्बरशिप चेयरपर्सनमा रिशिकेस साह, सर्भिस चेयरपर्सनमा अनिल साह, लियो उडभाईजरमा विद्याकर प्रसाद साह निर्वाचित भएका छन् । यसैगरी क्लव डाईरेक्टरमा क्रमशः अञ्जनी सिंह, प्रभात साह, सुजित साह, रामनगिना राउत, विश्वनाथ प्रसाद साह चयन भएका छन् । यसैगरी सल्लाहकारमा मधुकर कुमार उपाध्याय, डा. विजय कुमार सिंह, रामबाबु गुप्ता, हरि राउत र निर्मल सिघानियाँ चयन भएका छन् ।

**VACANCY ANNOUNCEMENT**

The Oriental Insurance Company Limited, a leading General Insurance Company with branches outside Katmandu valley invites applications from dynamic, committed Nepali citizens for the following positions and locations.

**MARKETING OFFICERS:**

**Locations:** Birgunj, Hetauda & Narayanghat.

**Qualification:** Graduate in any discipline with flair in Marketing. Experience having good knowledge of computers is desirable. Technical qualification in Insurance is preferable. The incumbent must have excellent flair in written and spoken Nepali and English. Candidate should have strong communication and interpersonal skills. A desire to excel in his/her career. Excellent communication skills, prior experience in marketing would be desirable. Preference will be given to local candidates meeting the eligibility criteria. Experience in marketing in General Insurance products will be an added advantage.

**Age:** 20 to 30 years

Those who do not qualify the above criteria need not apply. Remuneration will be as per Company's rules. Only shortlisted candidates will be called for Interview. Interview date will be announced in our Website. Rights for rejecting any/all applications without assigning reasons are reserved. Canvassing at any stage of the process shall lead to automatic disqualification. Candidates meeting above criteria may apply within 7 days from the date of this advertisement by downloading the application forms from our website www.orientalinsurance.com.np The completed forms along with the copies of academic qualification and others documents should be submitted on or before 8th July 2024.

**The Oriental Insurance Company Limited**
**P. O. Box No. 165**
**Sunrise Bizz Park, 1st Floor Dillibazar, Kathmandu, Nepal**
**Email: oriental@orientalinsurance.com.np**

**जनहितमा जारी सूचना**

**भूमिगत सिंचाईको समूचित उपयोग गरौं कृषि उत्पादनमा बृद्धि गरौं ।**

**भूमिगत जलश्रोत सिंचाई विकास डिजन कार्यालय**
**महोत्तरी**

# युनियनद्वारा देशभरका पत्रकार महासंघ शाखामा धर्ना




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासंघको सदस्यता नामावलीको विरोधमा देशैभर आन्दोलनरत नेपाल प्रेस युनियनले धर्ना दिएको छ । यसैबीच प्रेस युनिनयन पर्साले सोमबार वीरगंजस्थित नेपाल पत्रकार महासंघ पर्सा शाखाको कार्यालय अगाडि धर्ना दिएको हो । प्रेस युनियन पर्साका अध्यक्ष विजय महतोको नेतृत्वमा युनियनमा आबद्ध पत्रकारहरुले पत्रकार महासंघको कार्यालय अगाडि बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म धर्ना दिएका हुन् । प्रेस युनियनको केन्द्रिय कार्य समितिको निर्देशन अनुसार पर्सामापनि दुई घण्टा धर्ना दिइएको प्रेस युनियन पर्साका अध्यक्ष महतोले बताए । पत्रकार महासंघको केन्द्रिय नेततृत्वले कुनै संगठन विशेषलाई महासंघको निर्वाचनमा लाभ हुने गरी महासंघको विधान मिचेर सदस्यता नामावली जारी गरेपछि देशैभर युनियनले विरोध जनाउँदै आन्दोलन गरिरहेको अध्यक्ष महतोले बताए । महासंघको विधान र प्रकृया पालना गरेर सबै संगठनको सर्वसम्मत सदस्यता नामावली प्रकाशन नगरिएसम्म युनिनयनको आन्दोलन जारी नै रहने उनले बताए ।

सदस्यता विवाद सुल्झिएसम्म प्रेस युनियनले महासंघको निर्वाचन प्रकृया अगाडि बढाउनै नै नदिने चेतावनी पनि अध्यक्ष महतोले दिए । धर्ना कार्यक्रममा प्रेस युनियनका केन्द्रिय सदस्यद्वय निलिमा पौडेल र श्रीराम रायमाझी, जिल्ला उपाध्यक्षद्वय क्रान्ति शाह र अली असगर देवान, सचिव इरफान अली, उदय दास थारु, हुकुम सिंह, श्रवण साह, नूर आलम, राहुल गुप्ता, एसएम जहाँगस्त लगायतको सहभागिता रहेको थियो । यसअघि गत शनिबार प्रेस युनियन पर्साले पत्रकार महासंघ पर्सा शाखामा तालाबन्दी पनि गरेको थियो ।

## बारा शाखामा पनि धर्ना



नेपाल प्रेस युनियन बारा शाखाले पत्रकार महासंघको कार्यालय अगाडी धर्ना दिएको छ । नेपाल प्रेस युनियन केन्द्रीय समितिले देशब्यापीरुपमा महासंघको कार्यालय अगाडी धर्ना दिने केन्द्रीय कार्यक्रम अनुसार युनियन बाराले धर्ना दिएको हो । उक्त धर्ना कार्यक्रममा नेपाल पत्रकार महासंघको जिल्ला र प्रदेशको अधिकार स्थापित गर, सदस्यता शुद्धिकरण विधान अनुसार गर, सदस्यता शुद्धिकरणमा गरिएको मनपरी अन्त्य गर, नेपाल पत्रकार महासंघको गरिमा कायम गर, विधान विपरितका गतिविधि तत्काल खारेज गर, व्यक्तिवादी सदस्यता सूची तत्काल खारेज गर र क्रियाशिल पत्रकारलाई सदस्यताबाट बञ्चित गर्ने षडयन्त्र तत्काल बन्द गर जस्ता नारा लेखिएको ब्यानर सहित धर्नामा बसेका थिए । नेपाल पत्रकार महासंघले सदस्यता विवाद टुङगो नलगाइ विधान विपरीत जबरजस्ती निर्वाचन गर्न खोजेपछि प्रेस युनियन केन्द्रीय कार्यालयले आन्दोलनका विभिन्न कार्यक्रम घोषणा गरेको थियो । जस अन्तर्गत चौबिस घण्टे ध्यानाकर्षण, महासंघको भवनमा तालाबन्दी एवम् सोमबार धर्ना दिने कार्यक्रम रहेकाले धर्ना दिइएको युनियन बाराका अध्यक्ष श्यामबाबु प्रसाद यादबले जानकारी दिए । विहान ११ देखि १ बजेसम्म दुई घण्टा पत्रकार महासंघ बाराको कार्यालय अगाडी धर्नामा बसेको अध्यक्ष यादबले बताए । धर्नामा पत्रकार महासंघ बाराका पूर्व अध्यक्ष गुरु प्रसाद गौतम, पूर्व कोषाध्यक्ष सिकेन्द्र पासवान, पूर्वसचिव जयनारायण यादव, प्रेस युनियनका उपाध्यक्ष वसन्त खतिवडा, कोषाध्यक्ष अरुण साह, सचिव राजेश कुशवाहा, जिल्ला कार्य समिति सदस्य प्रभु यादव, राहुल गुप्ता र सन्दिप प्रसाद यादव लगायतको उपस्थिति रहेको थियो । नेपाल पत्रकार महासंघले त्रुटि नसच्चयाएसम्म आन्दोलन जारी रहने र केन्द्रीय निर्देशन अनुसार नेपाल प्रेस युनियन बारा शाखा अगाडि बढ्ने अध्यक्ष यादबले जानकारी दिए ।

# स्वास्थ्य क्षेत्रमा धेरै सुधार गर्नुपर्ने छः स्वास्थ्यमन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टीका नेता प्रदीप यादवले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्हालेको ४८ औं दिनमा सोमबार पत्रकार सम्मेलन आयोजना गरे । मन्त्री यादवले पूर्वसूचना विनै विभिन्न अस्पतालको अनुगमन गरिरहेका छन् । अस्पतालको सुधार गर्न सके स्वास्थ्य क्षेत्रमा सुधार हुने उनको मान्यता छ । पत्रकार सम्मेलनमा उनले ठूला सरकारी अस्पतालमा ब्यापक बेथिती रहेको उदाहरण पेश गरे, स्वास्थ्यकर्मीको दरबन्दी थप गर्न नसकेको स्वीकार गरे, अस्पतालको सेवा सुधार गर्न नसकेको पनि बताए । निजी अस्पतालले गरिब र विपन्नलाई बेड निःशुल्क नदिएको, नर्सलाई न्युन तलबमा काम लगाएको पनि सुनाए तर त्यसमा सुधार गर्न नसकेकोमा निरीहता प्रस्तुत गरे ।

३१ वैशाखमा मन्त्री बनेसँगै उनले अधिकांश केन्द्रीय अस्पताल र उपत्यका बाहिरका केही अस्पतालको अनुगमन, निरीक्षण गरे । अस्पतालको दृश्य देख्दा आँसु खसेको सुनाउँदै उनले बिरामीले भोग्नुपरेको समस्याबारे जानकारी गराए । आफ्नो कार्यकालको समीक्षा गर्दै आफूले स्वास्थ्य क्षेत्र सुधारको एउटामात्रै लक्ष्य लिएर अगाडि बढेको बताए । मन्त्री यादवले राजनीतिक स्थिरता नरहेकाले स्वास्थ्य क्षेत्रलाई नयाँ स्वरुप दिनुभन्दा स्वास्थ्य क्षेत्रमा देखिएका बेथितिलाई सुधार गर्नुपर्ने बताए । उनले अनुगमनका क्रममा अस्पतालका फार्मेसीमा औषधि नपाइने, बेड अभाव, शल्यक्रियाका लागि लामो समयसम्म कुर्नुपर्ने लगायतका समस्याबारे व्यापक जनगुनासो पाइएको बताए ।

### ■ ३ अर्ब गोष्ठी र भ्रमणमा खर्च

ग्लोबल फन्डबाट आउने करिब ६ अर्ब रकममध्ये ३ अर्ब रुपैयाँ गोष्ठी र भ्रमणमा खर्च हुने गरेको पाइएको छ । स्वास्थ्यमन्त्री यादवले बाँकी तीन अर्ब बिचौलिया, तलब र भत्तामा खर्च हुने गरेको बताए । उनले अस्पतालले सबै सुविधामा १० प्रतिशत निःशुल्क उपचार सुविधा दिनुपर्ने बताए । अस्पतालहरूले १० प्रतिशत शय्यामात्रै निःशुल्क गरेका छन् । शल्यक्रिया, औषधि लगायतमा पनि १० प्रतिशत नै सुविधा दिनुपर्ने उनको भनाइ छ । निजी अस्पतालले १० प्रतिशत बेड निःशुल्क उपलब्ध गराउनुपर्ने सरकारी नियम छ ।

### ■ जनशक्ति पदपूर्तिको तयारी

देशभर स्वास्थ्य क्षेत्रमा आवश्यक ९२ हजार जनशक्तिमध्ये कम्तीमा पनि ६० हजार जनशक्ति पदपूर्ति गर्न लागिपरेको मन्त्री यादवले बताए । अस्पतालमा जनशक्ति पदपूर्ति गर्ने आफ्नो पहिलो निर्णय सम्झिँदै उनले यसको कार्यान्वयनका लागि छलफल भइरहेको बताए । मन्त्री यादवले साउनमा स्वास्थ्य क्षेत्रमा जिम्मेवारी हेरफेर हुने सङ्केत गरेका छन् । उनले एउटै व्यक्तिलाई लामो समयसम्म एउटै जिम्मेवारी दिइनु उचित नहुने भएकाले साउनपछि स्वास्थ्य क्षेत्रमा जिम्मेवारी हेरफेर हुने सङ्केत गरेका हुन् । एउटै व्यक्तिलाई धेरै जिम्मेवारी दिने परिपाटीसमेत अन्त्य गर्न आफू लागिपरेको उनको भनाइ छ । निजी अस्पतालहरूले नर्सहरूलाई न्यून पारिश्रमिकमा काम गराइरहेको आफूलाई जानकारी भएको मन्त्री यादवले बताए ।

# ठग म्यानपावरलाई बचाउन गृहमन्त्रीले शान्तिपूर्ण जुलुसमा रोक लगाएः आईटी आर्मी

**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा) निकटको आईटी आर्मीले वैदेशिक रोजगारका ठग बचाउन गृहमन्त्रीले शान्तिपुर्ण जुलुसमा रोक लगाएको आरोप लगाएको छ । वैदेशिक रोजगारी क्षेत्रका पीडितहरुलाई न्याय दिलाउन आईटी आर्मीले काठमाडौंको ताहाचल स्थित वैदेशिक रोजगार विभाग जाने बाटोमा नारा जुलुस गर्न खोजदा प्रहरीले रोकेको आरोप छ । आईटी आर्मीका अध्यक्ष चन्द्रभुषण साहले शान्तिपुर्ण विरोध जुलुस गर्ने संवैधानिक अधिकार हो तर गृहमन्त्रीले पवारको दुरुपयोग गरी बिना कारण शान्तिपुर्ण जुलुसमा रोक लगाएको बताए । यसले आम पीडितलाई चोट पुगेकोछ । आईटी आर्मीले जारी राखेको आन्दोलनमा चासो नदिएको र पीडितलाई न्याय नदिएको भन्दै आईटी आर्मीले डोलप्रसाद (डिपि) अर्यालयको पुतला दहन गरेको थियो । वैदेशिक रोजगार विभागकै अगाडी श्रममन्त्रीको पुतला दहन गर्दै आईटी आर्मीले आन्दोलनलाई आक्रमक तरिकाले अगाडी बढाएको छ । आन्दोलनमा सहभागी आजपाको महिला नेतृ रन्जु कुमारी साहले विदेश जाने कामदारसँग अवैध ढंगले लिएको रकम फिर्ता गर्नुपर्ने, ठग मेनपावर र ऐजेन्टलाई कारवाही गर्नुपर्ने, बेरोजगार युवाहरुलाई नेपालमै रोजगारी दिनुपर्ने, वैदेशिक रोजगार पीडितहरूलाई न्याय दिनुपर्ने, विदेशमा अल्पत्र परेकाहरुको उद्धार गर्नुपर्ने, असुरक्षित रोजगारीमा पठाउने अधिकारीलाई कारवाही गर्नुपर्ने, फ्री–भिसा फ्री–टिकट व्यवहारतः लागू गर्नुपर्ने, नीजी मेनपावरहरु खारेज गरी विदेशमा कामदार पठाउने जिम्मा राज्यले लिनुपर्ने लगायतका माग सरकारले सम्बोधन नगरेकाले आन्दोलन गर्नुपरेको बताए ।

'लाखौं लाख युवासँग खर्बौ रकम ठगी भइरहेको छ । ५, १० हजारको नाममा ५ लाख, १० लाख गरी लाखौंलाख अवैध असुली भइरहेको छ । विगत लामो समयदेखि भइरहेको असुलीलाई हामी रोक्न चाहन्छौं । असुली भएको रकम फिर्ता गराउन चाहन्छौं' साहले भने ।

आन्दोलनमा सहभागी आजपाको अर्का महिला नेतृ सिमा जयसवालले वैदेशिक रोजगारीमा जाने कामदारसँग लिएको अबैध रकम फिर्ता गराउन तथा यस क्षेत्रका अन्य समस्याहरु समाधान गर्नुपर्ने माग सम्बोधन नभएसम्म आन्दोलन जारी राख्ने बताए ।

उनले संविधानको धारा ३३ मा रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरिएपनि अहिलेको भगौडा दलाल वर्गको यो लुटकारी शासन सत्ताले युवाहरुलाई रोजगारीको अवसर दिन नसकेको तर देशभित्रको




उद्योगहरुमा विदेशी कामदारहरुले अवसर पाइरहेको उनले बताए । अर्का महिला नेतृ चन्दा साहले युवाहरुले विदेशमा दुःख गरेर कमाएको रकम अवैध रुपमा हुण्डीमार्फत दुरुपयोग भइरहेको बताए । नेपालका नेता, प्रशासक र अवैध व्यापारीहरुले हुण्डीमार्फत पैसा ल्याएर आफ्नो कालोधन विदेशमा थुपार्ने काम गरिरहेको उनको आरोप छ । नेताहरु विना लगानी मेनपावरको शेयर होल्डर बनिरहेको पनि उनले बताए । यस्ता प्रकारका दुष्चक्र अन्त्य हुनुपर्ने आईटी आर्मीको माग छ ।

'हाम्रा युवाहरुलाई सोमबार मरुभूमिमा मर्न बाध्य बनाइएको छ । ती युवाहरुको खुनपसिनाले आर्जित रेमिट्यान्सलाई नेपालका भ्रष्ट नेताहरु, यहाँका प्रसाशकहरु र अवैध व्यापारीहरुले आफ्नो कालो धनलाई सट्टापट्टाको अस्त्रको रुपमा प्रयोग गरिरहेको सन्दर्भ छ' आर्यालले भने । आजपा नेतृ एवम् आन्दोलनकारी कनक सिंहले असुरक्षित श्रम स्वीकृतिका कारण विदेशमा ज्यान गुमाउने युवाहरुको मृत्यूलाई 'राज्यद्वारा गरिएको हत्या' का रुपमा परिभाषित गरे । यसको जिम्मेवारी सरकारले लिनुपर्ने बताए । आजपा नेतृ मिनादेवी साहले विदेश पठाउने नाममा धेरै अनियमितता, भ्रष्टाचार र ठगी भइरहेको बताए । अहिलेसम्म यी मुद्दामा कुनै राजनीतिक दलहरुले आवाज नउठाइदिएकाले आफूले सशक्त रुपमा आवाज उठाउँन विभाग घेराउ गरेको उनले बताए । नेपालमा सदियौंदेखि वैदेशिक रोगजारीमा पठाउने परम्परा चलिरहेको र कुनै न कुनै रुपमा यसमा नेताहरुको संलग्नता रहेको साहको भनाई रहेको छ । नेताहरुले मेनपावरको माध्यमबाट युवाहरुलाई लुटिरहेको उनले बताए ।

# एमाले फर्किए जितेन्द्र नारायण देव



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका नेता जितेन्द्र नारायण देव नेकपा एमाले प्रवेश गरेका छन् । एमाले पार्टी कार्यालय, च्यासलमा सोमबार आयोजित कार्यक्रममा देवसहितका नेताहरू एमाले प्रवेश गरेका हुन् । सप्तरीका देव लामो समय एमालेको राजनीतिमा थिए ।

उनी मधेशी जनअधिकार फोरम लोकतान्त्रिकबाट संविधानसभा सदस्य भएका थिए । विजयकुमार गच्छदार नेतृत्वको फोरम लोकतान्त्रिक कांग्रेसमा विलय भएपछि उनी पनि साथै गएका थिए । उनी कांग्रेसबाट राष्ट्रियसभा सदस्य समेत भए । २० फागुन २०८० मा उनको कार्यकाल सकिएको थियो ।

# रञ्जितालाई हटाएर गंगाराम बने नाउपाको दल नेता

**मधेशदृष्टि**
**वीरगंज ।**
नागरिक उन्मुक्ति पार्टी (नाउपा) का बहुमत सांसदले पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठलाई संसदीय दलको नेताबाट हटाएका छन् । र, गंगाराम चौधरीलाई नयाँ दल नेता चुनेका छन् । प्रतिनिधिसभामा नाउपाका चार सांसद छन् । फा◌ुगनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेसलाई छाडेर एमालेसँग गठबन्धन गरेपछि नाउपामा आन्तरिक कलह चलिरहेको छ । कतिसम्म भने सुदुरपश्चिममा दुई प्रदेश सांसद मन्त्री छन् भने पाँच सांसद प्रतिपक्षमा छन् । पार्टीका संरक्षक





रेशमलाल चौधरी कांग्रेस गठबन्धनमा जान चाहेका थिए, तर अध्यक्ष रञ्जिताको जोडबलमा नाउपाले नयाँ गठबन्धनलाई समर्थन ग¥यो ।

त्यही बेला रेशमले आफ्नी श्रीमतीसमेत रहेकी रञ्जितालाई संसदीय दलको नेताबाट हटाउन खोजेका थिए । तर रेशमका बुवा समेत रहेका सांसद लालवीर चौधरी र अरुण चौधरीले साथ नदिएपछि दल नेता फेर्ने उनको प्रयास सफल भएन । तर आइतबार अरुण र लालवीरको समर्थनमा अध्यक्ष रञ्जितालाई संसदीय दलको नेताबाट हटाइएको छ । संसदीय दलका प्रमुख सचेतक रहेका गंगारामलाई संसदीय दलको नेता बनाइएको छ भने लालवीरलाई प्रमुख सचेतकको जिम्मेवारी दिइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन